# शोध निर्देशकको मन्तव्य

**नेपाली आञ्चलिक उपन्यासको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन** शीर्षकको प्रस्तुत शोध प्रबन्ध श्रीमती राजकुमारी दाहालले मेरो निर्देशनमा रही र शोध विधि पालन गर्दै निष्ठा र लगनशीलताकासाथ तयार पार्नु भएको हो। प्रस्तुत शोध प्रबन्धमा छ अध्याय छन्। यसको पहिलो अध्याय **शोध प्रबन्धको परिचय** रहेको छ र यसमा शोधकर्त्ताले 'शोध शीर्षक', 'समस्या कथन', 'शोधको उद्देश्य', 'पूर्वकार्यको समीक्षा', 'शोधको औचित्य', 'शोध विधि', 'शोधप्रबन्धको सङ्गठन' जस्ता शोधकार्य सम्बन्धी विषयमा प्रकाश पार्नु भएको छ र अध्यायको अन्यतिर शोधकार्यबाट प्राप्त निष्कर्षलाई पनि संक्षेपमा बुँदागत रूपमा प्रस्तुत गर्नु भएको छ। शोधप्रबन्धको दोस्रो अध्याय **आञ्चलिकता र आञ्चलिक उपन्यासको संरचना** रहेको छ र यस अध्यायमा शोधकर्त्ताले आञ्चलिकता-को अर्थ स्पष्ट पारेर यसलाई परिभाषित गर्नुकासाथै आञ्चलिकता र स्थानीय रङ्ग जस्ता विषयमा प्रकाश पार्दै आञ्चलिकता एवम् आञ्चलिक उपन्यासका मूलभूत विशेषताहरूको पनि चर्चा गर्नु भएको छ। **नेपाली साहित्यमा आञ्चलिक उपन्यासको प्रारम्भ, विकास र प्रयोग-परम्परा** नामक तेस्रो अध्यायमा शोधकर्त्ताले नेपाली उपन्यास साहित्यमा आञ्चलिकताको प्रारम्भ, विकास आदिको चर्चा-विवेचनाका क्रममा पाश्चात्य जगत्का अङ्ग्रेजी, अमेरिकी र रूसी तथा पूर्वीय जगतका बङ्ला र हिन्दी उपन्यास साहित्यमा आञ्चलिकताको प्रारम्भ, विकास एवम् प्रयोग-परम्परा आदिको पनि चर्चा-विवेचना गर्नु भएको छ अनि त्यसपछि आञ्चलिक नेपाली उपन्यासको विकास क्रममा देखापरेका सन् १९९० सम्मका प्रमुख आञ्चलिक नेपाली उपन्यास र उपन्यासकारहरूको संक्षिप्त परिचय पनि प्रस्तुत गर्नु भएको छ। शोधप्रबन्धको चौथो अध्याय **नेपाली आञ्चलिक उपन्यासको विश्लेषणात्मक अध्ययन** रहेको छ र यस अध्यायमा शोधकर्ताले सन् १९९० सम्ममा देखा परेका **खैरिनीघाट, हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म र ब्रह्मपुत्रका छेउ-छाउ** गरी पाँचवटा प्रतिनिधिमूलक नेपाली आञ्चलिक उपन्यासहरूको विश्लेषण गरेर देखाउनु भएको छ। विश्लेषण गर्दा शोधकर्ताले मूलतः वस्तुगत आञ्चलिकता र औपन्यासिक तत्त्वहरूलाई विश्लेषणका मूल आधार बनाउनु भएको छ। कृतिहरूको विश्लेषणमा शोधकर्ता यथासम्भव गहिरिने प्रयास गरेको पाइन्छ। नेपाली आञ्चलिक उपन्यासको मूल्याङ्कन नामक पाँचौ अध्यायमा शोधकर्ताले

नेपाली आञ्चलिक उपन्यासका परम्परामा देखापरेका र यसै शोधप्रबन्धको चौथो अध्यायमा विश्लेषण गरिएका **खैरिनीघाट, हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म र ब्रह्मपुत्रका छेउ-छाउ** गरी पाँचवटा प्रमुख नेपाली आञ्चलिक उपन्यासहरूको गुणस्तरका दृष्टिले मूल्याङ्कन गर्ने काम गर्नु भएको छ। **नेपाली आञ्चलिक उपन्यासहरूको मूल्याङ्कन** गरेपछि नेपाली आञ्चलिक उपन्यासका दुर्बल पक्षहरूको पनि चर्चा गर्नु भएको छ। अनि नेपाली आञ्चलिक उपन्यासको भविष्यको चर्चा-विवेचना गर्न पनि बिर्सनु भएको छैन। **उपसंहार र निष्कर्षका** रूपमा रहेको छैटौं अध्यायको उपसंहार अंशमा शोधप्रबन्धका पूर्ववर्त्ती अध्यायहरूमा गरिएका कार्यहरूको सार संक्षेप प्रस्तुत गरिएको छ भने निष्कर्ष अंशमा प्रस्तुत शोधकार्यको प्राप्ति र स्थापनालाई बुँदागत रूपमा प्रस्तुत गरिएको पाइन्छ।

शोधकर्त्ता आफ्नो शोधकार्यमा यथासम्भव गहिरिन सकेको अनुभव हुन्छ। शोधकर्त्ताले शोध सम्बन्धी नियम पालन गर्दै र अनुसन्धानतर्फ सचेत रही आफ्नो शोधकार्यलाई चाहिने सामग्री सङ्कलन गर्नु भएको छ र कृतिहरूको विश्लेषण-विवेचनादि गरेर मूल्याङ्कन गर्ने काम गर्नु भएको छ; यथासम्भव तथ्य वा प्रमाण सहित आफ्ना विषयको पुष्टि पनि गर्नु भएको छ। शोधकर्त्ताले गरेका विश्लेषण, विवेचना, मूल्याङ्कन सम्बन्धी प्रयासहरू शोधकार्य अनुकूल रहेका छन्।

अन्त्यमा नेपाली विषयमा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोधप्रबन्धको समीचीन मूल्याङ्कनका निम्ति उपयुक्त व्यवस्था मिलाइदिन हुन म उत्तर बङ्ग विश्वविद्यालयसमक्ष संस्तुति गर्दछु।

दिनाङ्क: 26/5/2002

भीमकान्त उपाध्याय

**भीमकान्त उपाध्याय**

शोध निर्देशक

Professor ... North Bengal University